प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/२२

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्तरीय कोरोना नियन्त्रण समन्वय समितिका अध्यक्ष बद्रीनाथ अधिकारीज्युको अध्यक्षतामा आज बसेको बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रोटोकोल अनुसार तनहुँ जिल्लाका स्थानीय तहमा रहेका क्वारेन्टाइनस्थलमा बसेका व्यक्तिहरुलाई आवश्यक परामर्श प्रदान गर्न तथा व्यवस्थापन गर्नका लागी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई खटाउने निर्णय गरेको छ।

आज Nutrition Cluster को भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका तर्फबाट प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) का संयोजक नवराज शर्माले सहभागिता जनाउनुभयो।

आज थप १२ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको छ । अहिलेसम्म गण्डकी प्रदेशमा ६४६ जनाको नमुना संकलन भएको छ जसमा ६३४ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ भने १० जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६०७४ जनामा RDT परिक्षण गरिएको छ।

आजसम्म हेल्लो डाक्टर १०९२ मा ७८० जनाले चिकित्सकीय परामर्श सहितको विशेषज्ञ सेवा लिएका छन्।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**